प.सं.**आइ.सि.एफ.सि./०८३-०८४/प्र.शा./०१६**

मिति : २०८३/०६/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**बिषय : तेइसौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको २०८३ साल आश्विन १३ गतेका दिन सम्पन्न तेइसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

संलग्नः-
१ थान तेइसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट)

भवदिय,

ICFC FINANCE LIMITED

लक्ष्मणप्रसाद जैसी
कम्पनी सचिव

**ICFC FINANCE LIMITED** आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
National Level Class "C" Institution Licensed by Nepal Rastra Bank नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको राष्ट्रियस्तरको इजाजतपत्र प्राप्त संस्था
1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O. Box: 25460, Tel: 977-1-4525292, Email: info@icfc.com.np
www.icfc.com.np

# आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको
# मिति २०८३ असोज १३ गते मंगलबारका दिन सम्पन्न भएको
# तेइसौं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

भाटभटेनी, काठमाण्डौ ।

**आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको**
**तेइसौं वार्षिक साधारण सभाको**
**निर्णयको विवरण**

आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको तेइसौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो ।

१) **सभा भएको मिति, समय र स्थान**

मिति: २०८३ असोज १३ गते मंगलबार (तद्नुसार सेप्टेम्बर २९, २०२६)
समय: बिहान १०:०० बजे ।
स्थान: बौद्ध हेरिटेज, बौद्ध पिपलबोट, काठमाण्डौ ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस कम्पनीको मिति २०८३/०५/१८ गते आइतबारका दिन बसेको सञ्चालक समितिको ३७३औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको तेइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०८३ भदौं १९ गते र २०८३ भदौं ३० गते क्रमश: आर्थिक अभियान राष्ट्रिय दैनिक र न्यूज २४ राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा तेइसौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भईदिनका लागि बाह्य लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस र कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमज्यूलाई अनुरोध गरी पत्राचार गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु**

**क. सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८२/८३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १०.५२६३ प्रतिशतका दरले हुने नगद लाभांश रु.१२,४५,७५,७०३/६६ (अक्षेरुपी बाह्र करोड पैंतालीस लाख पचहत्तर हजार सात सय

ICFC FINANCE LIMITED ICFC

तीन र छैंसट्ठी पैसा मात्र ।) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८३/८४ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस पुनःनियुक्ति हुन योग्य हुनुहुन्छ ।)

**ख. विशेष प्रस्ताव**

१. सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९(ख) मा संशोधन गर्ने बारे ।

२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध**

४) **सभामा उपस्थिति**

(क) **संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री सुशीलकुमार अर्याल | अध्यक्ष |
| श्री अच्युतराज आचार्य | सञ्चालक |
| श्री रचना अधिकारी | सञ्चालक |
| श्री हेमशिखा जोशी (गर्ग) | सञ्चालक |
| श्री सफल भट्टराई | सञ्चालक |
| श्री बिजय मान श्रेष्ठ | सञ्चालक |
| श्री रामराज खकुरेल | सञ्चालक |

(ख) **पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री महेश कोली, नायब सुब्बा
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
३. श्री सुनिल पन्त, प्रमुख कार्यकारी अधिकृत
४. श्री अमित श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत
५. श्री लक्ष्मणप्रसाद जैसी, कम्पनी सचिव तथा नायव महाप्रबन्धक
६. श्री संजय थपलिया, सहायक महाप्रबन्धक
७. श्री रोनेश चित्रकार, प्रबन्धक
८. श्री अच्युत पण्डित, प्रबन्धक
९. श्री पुजा जोशी, प्रबन्धक
१०. श्री सागरनिधि तिवारी, नायव प्रबन्धक
११. श्री नविन पौडल, नायव प्रबन्धक
१२. कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम
१३. बाह्य लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस, श्री अमन उप्रेती

(ग) **शेयरधनीको उपस्थिति**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | १६५ |
| (ख) प्रोक्सीबाट | १२१ |
| **जम्मा उपस्थित** | **२८६** |

ICFC FINANCE LIMITED

५) **सभाको गणपुरक संख्या**

| शेयर तथा शेयरधनी | जम्मा शेयर, शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | १,१८,३४,७०९.६० | १०,९९,४९१ | ५६,८२,८१३ | ६७,८२,३०४ | ५७.३१ |
| शेयरधनी | २४,४८४ | १६५ | १२१ | २८६ | १.१७ |

६) **सभाको वैधानिकता**

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थिति हुनुपर्ने प्रावधान अनुसार कम्पनीको तेइसौं वार्षिक साधारण सभामा कूल शेयर संख्या मध्ये ५७.३१ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने १६५ जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र १२१ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागि गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिव श्री लक्ष्मणप्रसाद जैसीज्यूले सभालाई जानकारी गराउनु भयो । साथै, कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्युलाई सभाको सभापतित्व ग्रहण गरि सभालाई अगाडी बढाउन अनुरोध गर्नुभयो ।

७) **सभाको सभापतित्व**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मञ्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८) **सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती**

सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै तेइसौं वार्षिक साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो तथा शेयरधनी महानुभावहरुलाई प्रतिवेदनमा छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **तेइसौं वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणको प्रस्तुति**

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको तेइसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८२/८३ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

१०) **छलफलको लागि आह्वान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८२/८३ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नुभयो ।

ICFC FINANCE LIMITED

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु र निजहरुले व्यक्त गरेका धारणाको संक्षिप्त विवरणः**

तत् पश्चात् फाइनान्सको आ.व.२०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन, २०८३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव मौखित/लिखित जानकारी गराउनुहुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो ।

**सभामा देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा देहाय अनुसारका प्रश्न तथा सुझावहरु व्यक्त गनुभएको थियो :**

१. श्री जगन्नाथ आचार्य
२. श्री डमरु बल्लभ घिमिरे
३. श्री शत्रुघन श्रेष्ठ
४. श्री गोविन्द के.सी.
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री सुदिप श्रेष्ठ
७. श्री ब्रह्मदेव शाक्य
८. श्री इन्द्र प्रसाद लामिछाने
९. श्री बैजनाथ रौनियार
१०. श्री युगल नारायण बासेल
११. श्री नीरुपमा गुप्ता
१२. श्री दामोदर प्रसाद रेग्मी
१३. श्री राम श्रेष्ठ
१४. श्री राज काजी रन्जितकार
१५. श्री कृष्ण प्रसाद अधिकारी
१६. श्री इन्द कृष्ण श्रेष्ठ
१७. श्री उत्सव सुन्दर श्रेष्ठ

**लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुः**

१. प्रा.डा.रामजी प्रसाद पण्डित
२. श्री नरेश कुमार साह
३. श्री सुरेन्द्र चिमौरिया
४. श्री भेषराज भन्डारी
५. श्री लक्ष्मण बहादुर श्रेष्ठ

**छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांशः**

- ➢ शेयरधनी तथा सहभागीहरूले संस्थाले प्रदान गरेको १०.५२६३ प्रतिशत नगद लाभांशप्रति सन्तुष्टि व्यक्त ।
- ➢ संस्थाको घट्दो निष्क्रिय कर्जा अनुपातप्रति सकारात्मक धारणा व्यक्त ।
- ➢ कर्जा तथा निक्षेपमा भएको वृद्धिलाई सकारात्मक उपलब्धिका रूपमा विचार व्यक्त ।

ICFC FINANCE LIMITED

- संस्थाको प्रतिशेयर आम्दानी, खुद नाफा तथा नेटवर्थ लगायतका वित्तीय सूचकहरूमा सुधार भएकोमा प्रशंसा व्यक्त ।

- संस्थाको सुदृढ संस्थागत सुशासनप्रति धन्यवाद तथा प्रशंसा व्यक्त ।

- आगामी दिनमा अझ आकर्षक लाभांश वितरण गर्न सुझाव ।

- नाफा तथा व्यवसाय वृद्धिलाई थप प्राथमिकता दिन सुझाव ।

- कर्जा असुलीमा विशेष ध्यान दिन सुझाव ।

- कर्मचारीहरूको सुरक्षा तथा वृत्ति विकासमा विशेष ध्यान दिन आग्रह ।

- संस्थाको जोखिम व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन सुझाव ।

- प्रविधिको प्रयोग तथा सेवा सुधारलाई प्राथमिकता दिन सुझाव ।

- संस्थाको संस्थागत सुशासनलाई थप मजबुत बनाउन सुझाव ।

- लाभांश दिदा वोनश शेयर र नगद लाभांश दिन आग्रह ।

- सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा तथा स्वास्थ्य क्षेत्रमा योगदान बढाउन सुझाव ।

- नियामक निकाय तथा लेखापरीक्षणबाट प्राप्त सुझावहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह ।

- संस्थाले प्राप्त गरेको Finance of the Year २०२६ अवार्डका लागि बधाई तथा शुभकामना व्यक्त ।

- संस्थालाई आगामी दिनमा थप सबल, विश्वसनीय तथा प्रतिस्पर्धी बनाउँदै लैजान सुझाव ।

- यस संस्थाले आफ्नै भवनमा कर्पोरेट कार्यालय संचालन गर्न सुझाव व्यक्त ।

- आगामी वर्षहरूमा अझ उत्कृष्ट प्रगति हासिल गर्न व्यवस्थापन तथा सञ्चालक समितिलाई शुभकामना व्यक्त गर्नु भयो ।

१२. **सभापतिज्यूको प्रतिउत्तरः**

सभापतिज्युको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल पन्तले वार्षिक साधारण सभालाई सार्थक तथा जीवन्त बनाउन शेयरधनी महानुभावज्यूहरुले दिनुभएको सुझावहरुको सराहनीय गर्दै उहाँहरुलाई आफ्नो बहुमूल्य समय निकाली साधारणसभामा सक्रीय भाग लिइदिनु भएकोमा धन्यवाद दिँदै सभामा उठेका जिज्ञासाहरुको बुँदागत जवाफ दिनुभयो तथा शेयरधनीहरुको जिज्ञासा र सुझावहरुमा विस्तृत रुपमा विवेचना गरी शेयरधनीहरुको रचनात्मक सुझावहरु क्रमशः लागू गर्ने जानकारी गराउनु भयो । छलफलमा उठेका

ICFC FINANCE LIMITED

बिषयहरुको जवाफ प्रस्तुती पश्चात सभापतिज्यूको आज्ञाले कम्पनी सचिवले सभामा प्रस्तुत प्रस्तावहरु क्रमशः रुपले देहाय अनुसार निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

## १३) सभाका निर्णयहरु

## क. साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु

१. आर्थिक वर्ष २०८२/८३ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :- तेइसौं वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने :- सभापतिज्युले पेश गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरियो र सर्वसम्मतिबाट पारित गरियो ।

३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १०.५२६३ प्रतिशतका दरले हुने नगद लाभांश रु.१२,४५,७५,७०३/६६ (अक्षेरुपी बाह्र करोड पैंतालीस लाख पचहत्तर हजार सात सय तीन र छैंसट्ठी पैसा मात्र ।) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने :-सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०८३ आषाढ मसान्तको नाफाबाट रु.१२,४५,७५,७०३/६६ (अक्षेरुपी बाह्र करोड पैंतालीस लाख पचहत्तर हजार सात सय तीन र छैंसट्ठी पैसा मात्र ।) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) नगद लाभांश शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८३/८४ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस पुनःनियूक्ति हुन योग्य हुनुहुन्छ ।) :- आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिमा पेश भएको तीनवटा प्रस्ताव **श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, श्री जेके एण्ड एसएस एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् र श्री एम. आर.यु. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्,** को प्रस्ताव मध्ये लेखापरीक्षक **श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई** लेखापरीक्षण शुल्क वापत रु.८,८०,०००/- (अक्षेरुपी आठ लाख असी हजार मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्न लेखापरीक्षण समितिले सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सो उपर छलफल हुँदा लेखापरीक्षण समितिको सिफारिस अनुसार **श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई** लेखापरीक्षण शुल्क वापत **रु.८,८०,०००/- (अक्षेरुपी:- आठ लाख असी हजार मात्र) (भ्याट बाहेक)** प्रदान गर्ने गरी आ.व. २०८३/८४ को बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

ICFC FINANCE LIMITED ICFC

**ख.** **विशेष प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको नियम २९(ख) मा संशोधन गर्ने :- सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको नियम २९(ख) मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव स्वीकृत गरीयो ।

**विशेष प्रस्तावको नियमावली संशोधनको विवरण**

| सि. नं. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | **नियम २९(ख)**<br>संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षलाई रु.१२,०००/- र सञ्चालकहरुलाई रु.१०,०००/- बैठक भत्ता भुक्तानी गरिने छ । | **नियम २९(ख)**<br>संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षलाई रु.१५,०००/- र सञ्चालकहरुलाई रु.१३,०००/- बैठक भत्ता भुक्तानी गरिने छ । | समयानुकुल सञ्चालकहरुको सुविधा बढाउन आवश्यक भएकोले । |

२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने :- कम्पनीको नियमावलीको नियम २९(ख) संशोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव पारित गरियो तथा उक्त संशोधन नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**ग.** **विविध**

**१४)** **धन्यवाद ज्ञापन तथा सभाको बिसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसै गरी कम्पनीको तेइसौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारी वर्ग लगायत व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लेखापरीक्षक, कानूनी सल्लाहकार लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनु भएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले अपरान्ह १२:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(लक्ष्मणप्रसाद जैसी)
कम्पनी सचिव

ICFC FINANCE LIMITED
ICFC

(सुशीलकुमार अर्याल)
सभापति